अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# लो-घेकर दामोदरकुण्ड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ | संख्याः१ | मितिः२०७७/०१/२९

भाग-२

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चराङ, मुस्ताङ

# स्थानीय तह प्रकोप व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७७

मनोहर ढकाल
प्रमुख प्रशासकिय अधिकृत

**स्थानीय तह प्रकोप व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७७**

**प्रस्तावना :**

लो-घेकर दामोदरकुण्ड गाउँपालिका क्षेत्रमा आइपर्ने प्राकृतिक तथा मानव निर्मित सवैखाले प्रकोपको व्यवस्थापन गर्नको लागि आवश्यक सवैखाले आकस्मिक कार्यहरु, उद्दार, राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन, निर्माण, खरिद कार्य गर्ने र यसै प्रकृतिको काममा अन्य गाउँपालिका र संघसंस्थालाई सहयोग समेत गर्ने मनसायले गठन गरिएको कोष खाता सञ्चालन गर्न गाउँ कार्यपालिकाको वैठकबाट मिति २०७७०१।२९ मा स्वीकृत भई यो कार्यविधि जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम "स्थानीय तह प्रकोप व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७७" हुनेछ ।

१.२ यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) 'प्रकोप व्यवस्थापन' भन्नाले प्राकृतिक प्रकोपको कारण वा मानव निर्मित गल्तीका कारण हुने दुर्घटना, धनजनको क्षति, असामान्य अवस्था, संकट, डर त्रास जुन मानव नियन्त्रण वाहिर भई हुन्छ, सो परिस्थितिलाई न्युनीकरण गर्न, नियन्त्रणमा लिन तथा राहत, पुनर्स्थापना, उद्धार लगायतको प्रतिकार्य र पुनर्लाभ सम्वन्धी कार्य सम्झनुपर्छ ।

ख) 'स्थानीय तह प्रकोप व्यवस्थापन कोष' भन्नाले गाउँपालिका क्षेत्र भित्र हुनसक्ने प्रकोप सम्वन्धी कार्यको नियन्त्रणको पूर्व तयारी, सोको न्यूनीकरण तथा रोकथाम गर्ने, विपद् भैसकेपछि सोको व्यवस्थापन सम्वन्धमा गरिने प्रतिकार्य र पुनर्लाभ सम्वन्धी सम्पूर्ण कार्यहरुको लागि गाउँपालिकाले विनियोजन गरेको रकमको कोष सम्झनुपर्छ ।

ग) 'विपद' भन्नाले प्राकृतिक प्रकोप वा मानव निर्मित गल्तीका कारण हुने धनजनको क्षतिबाट उत्पन्न हुने डरत्रासको अवस्थालाई सम्झनुपर्छ ।

घ) 'धनजन' भन्नाले व्यक्ति तथा निजको घर, जग्गा, वस्तुभाउ, कृषि उत्पादन, पैसा, सुन चाँदी लगायत चल अचल सम्पत्ती सम्झनुपर्छ ।

ङ) 'क्षतिपूर्ति' भन्नाले विपद्का कारण भएको भौतिक तथा मानवीय क्षतिवापत उपलब्ध गराइने आर्थिक, भौतिक सहयोग तथा निर्माण कार्यलाई सम्झनुपर्छ ।

मनोहर ढकाल
प्रमुख प्रशासकिय अधिकृत

मनोहर दुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत

च) 'उद्धार' भन्नाले प्राकृतिक तथा मानवीय प्रकोपको कारण आउनसक्ने वा आएको जोखिम तथा क्षतिबाट वचाउने कार्यलाई सम्झनुपर्छ

छ) 'राहत' भन्नाले विपत्ती आइसकेपछि सोबाट वचाउन तथा जनजीवन सहज पार्न गरिने आर्थिक तथा भौतिक सहयोगलाई सम्झनुपर्छ ।

ज) 'प्राविधिक' भन्नाले गाउँपालिकाका इन्जिनियरिङ सेवाका कर्मचारी सम्झनुपर्छ ।

झ) 'स्टिमेट' भन्नाले विपद्को सम्भावित जोखिम तथा भएको क्षतिको मूल्यांकनको प्राविधिक स्टिमेटलाई सम्झनुपर्छ ।

झ) 'अनुगमन तथा मूल्यांकन' भन्नाले गाउँपालिकाबाट अधिकार प्राप्त अधिकारीले तथा स्थानीय तह प्रकोप व्यवस्थापन समितिबाट प्रकोप वा विपद्बाट हुन सक्ने र भएका घटनाहरु र सो सँग सम्वन्धित कार्यको अनुगमन तथा मूल्यांकन सम्झनुपर्छ ।

ञ) 'गाउँपालिका' भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिका सम्झनुपर्छ ।

च) 'गाउँ कार्यपालिका' भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

ज) 'गाउँसभा' भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

ज) 'गाउँपालिका विपद् व्यवस्थापन समिति' भन्नाले लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको लागि विपद् व्यवस्थापन कार्य गर्ने समितिलाई सम्झनुपर्छ ।

च) अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, वडा समिति, प्रमुख प्रशासकीय अधिकृत, वडा सचिव, लेखा प्रमुख' लगायत अन्य प्रचलित शब्दहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनमा परिभाषित गरेअनुसार हुनेछ ।

३. **प्रकोप रोक्न पूर्व तयारी** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आउनसक्ने सम्भावित प्रकोपका घटनाहरु जस्तो बाढी पहिरो, विषम हिमपात, आगोलागी, संक्रामक रोगहरुको महामारी आदिको जोखिमहरु पहिचान गरी त्यस्ता घटनाहरु रोकथाम गर्ने र घटना घटिसकेपछिको सम्पूर्ण व्यवस्थापनको लागि पूर्व तयारीहरु गर्ने योजनाहरु बनाई गाउँ कार्यपालिकाबाट स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी पारित गरी लागु गर्नुपर्नेछ ।

४. **जनसहभागिता जुटाउनुपर्ने** : प्रकोप व्यवस्थापनको पूर्व तयारी तथा घटित् घटनाको व्यवस्थापन गर्न सम्भव भएसम्म जनहसभागिता जुटाउनुपर्नेछ ।

५. **वडा कार्यालयको पूर्व तयारी योजना** : प्रत्येक वडा कार्यालयले गाउँ कार्यपालिका तथा स्थानीय तह प्रकोप व्यवस्थापन समिति सँग समन्वय गरी आफ्नो क्षेत्रभित्र आउनसक्ने सम्भावित प्रकोपका घटनाहरु पहिचान

मनोहर दुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत

गरी सोको रोकथाम गर्ने र घट्ने घटनाको व्यवस्थापनको लागि आफैले कार्यान्वयन गर्न सक्ने र गाउँ कार्यपालिकाले गर्नुपर्ने भनी कार्ययोजना वनाई गाउँ कार्यपालिकाको कार्यालयमा पठाउनुपर्नेछ ।

६. **पूर्व तयारीमा खर्च** : १) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रकोप सम्वन्धी सम्भावित जोखिम रहेको क्षेत्र अनुगमन गरी वा स्थानीय समुदायको भेलाको निर्णय मार्फत दिएको निवेदनको आधारमा पहिचान गर्नसक्नेछ । पहिचान पश्चात गर्नुपर्ने कामहरु र सो वापत लाग्ने खर्चको योजना वनाई स्थानीय तह प्रकोप व्यवस्थापन समितिबाट अनुमोदन गरी गाउँ कार्यपालिकामा पेश गर्नेछ र पारित भएपछि सोको अनुगमन तथा स्टिमेटको आधारमा यस कोषबाट खर्च भुक्तानी उपलब्ध हुनेछ ।

७. **विपद् घटना घट्दाको वखत र घटिसकेपछिको कार्य** : १)गाउँपालिका क्षेत्रमा प्राकृतिक वा मानव निर्मित प्रकोपको कारण घटना घट्न लागेको वा घटिसकेको भएमा सम्वन्धित वडाको वडाध्यक्ष वा सदस्यहरुलाई उद्दार, राहत तथा क्षतिपूर्ति वा निर्माण कार्य तत्काल गर्नुपर्ने भनी मैखिक जानकारी वा लिखित निवेदन वडा कार्यालयमा दिनुपर्नेछ । तत्काल उद्धार गर्नुपर्ने अवस्था भएमा वडा कार्यालयले गाउँ कार्यपालिकाको कार्यालय तथा अन्य सहयोग प्राप्त हुनसक्ने निकायहरुलाई तत्काल जानकारी गराउनुपर्नेछ ।

२)वडा कार्यालयले प्रकोपका घटना सम्वन्धमा जानकारी पाएपछि सम्वन्धित स्थानमा पुगी अनुगमन गरी उद्दार, राहत तथा क्षतिपूर्ति, निर्माण कार्य के गर्नुपर्नेहो सो सम्वन्धमा स्थानीयहरुसँग छलफल गरी निर्णय गराई सिफारिस सहित गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन समितिमा पठाउनुपर्नेछ ।

३) गाउँपालिकाको स्थानीय तह प्रकोप व्यवस्थापन समिति समक्ष सिफारिस सहित निवेदन आए पश्चात सो समितिले आवश्यक जाँचबुझ गरी प्रकोप व्यवस्थापनको लागि के गर्नुपर्नेहो सो निर्णय गरी गाउँ कार्यपालिकामा अन्तिम निर्णयको लागि गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

४)कार्यपालिकाको वैठकले घटनावारेमा आएको सिफारिस तथा प्राविधिक स्टिमेट समेत विचार गरी स्थानीय तह प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गर्नेछ ।

२) प्राकृति तथा मानवीय कारणले विपद्का घटना भई तत्काल उद्दार गर्नुपर्ने भएमा, राहत रकम वा भौतिक सामाग्री उपलब्ध गराउन पर्ने भएमा, निर्माण कार्य गर्नुपर्ने भएमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षको निर्देशनमा उद्दार कार्य तथा राहत वितरण गर्न सकिनेछ । सो कार्य गर्दा तत्काल आर्थिक खर्च तथा भौतिक सामाग्री, डोजर, जीप लगायत सवारी साधन आवश्यक पर्ने भएमा गाउँ कार्यपालिकाको कार्यालयले व्यवस्थापन गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा लागेको खर्च तथा भएको कार्य सम्वन्धमा विपद् व्यवस्थापन समितिबाट अनुगमन तथा मूल्यांकन गरी सिफारिस र प्राविधिकको स्टिमेट आवश्यक पर्ने अवस्थामा सो समेतको आधारमा गाउँ कार्यपालिकाको वैठकले अनुमोदन गर्नसक्नेछ ।

८.**सामाग्री खरिद गरी स्टोर गर्न सक्ने तथा तालिम सञ्चालन गर्ने** : गाउँ कार्यपालिकाको कार्यालयले विपद् व्यवस्थापनको लागि पारित भएको योजनाअनुसार आवश्यक सामाग्रीहरु खरिद गरी गाउँ कार्यपालिकाको

कार्यालय, वडा कार्यालय तथा अन्य उपयुक्त स्थानमा स्टोर गरी तयारी अवस्थामा राख्न सक्नेछ । विपद्का जोखिम न्युन गर्न तथ घटना घटेपछि उद्दार राहत कार्य सञ्चालन गर्ने सम्वन्धी तालिम, गोष्ठी, अन्तरक्रिया तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

९.**विपद व्यवस्थापन समिति :** यस गाउँपालिकाको गाउँ कार्यपालिका अन्तरगत रहने गरी गाउँपालिककाको अध्यक्षको अध्यक्षतामा निम्नानुसार सदस्य भएको गाउँपालिका विपद व्यवस्थापन समितिको गठन गर्नुपर्नेछ ।

**गाउँपालिका विपद् व्यवस्थापपन समिति**

गाउँपालिका उपाध्यक्ष : संयोजक

प्रमुख प्रशासकीय अधिकृत : सदस्य

गाउँपालिकाका इञ्जिनियर : सदस्य

सम्वन्धित वडाका वडाध्यक्ष : सदस्य

गाउँपालिका केन्द्रमा रहेको प्रहरी प्रमुख वा प्रतिनीधि : सदस्य

गाउँपालिकामा सक्रिय रहेका विभिन्न संघसस्था वा क्लवका प्रमुख वा प्रतिनीधि : सदस्य

गाउँपालिकाको विपद् व्यवस्थापन शाखा हेर्ने कर्मचारी : सदस्य सचिव

१०.**समितिको जिम्मेवारी, काम कर्तव्य र अधिकार :** १) गाउँपालिका विपद् व्यवस्थापन समिति तथा त्यसका सदस्यहरुको जिम्मेवारी, काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछ :

क) गाउँपालिका भित्र सम्भाव्य जोखिम तथा विपद् वारेमा अध्ययन अनुसन्धान गर्ने ।

ख) सम्भावित जोखिमपूर्ण स्थानहरुको पहिचान गरी Risk assement तथा Hazard mapping गर्ने ।

ग) विपद् व्यवस्थापन कार्ययोजना तयार पार्ने तथा लागु गर्ने ।

घ) विपद्का घटना भइसकेपछि सो स्थानको अनुगमन तथा क्षतिपूर्तिको खर्च, राहत दिनुपर्ने भए सो खर्चको अनुमान गर्ने, सरोकारवाला पक्षको भेला गराई मर्मत सम्भार गर्नुपर्ने भएमा समिति गठन गरी कार्य सुरु गर्न लगाउने ।

ङ) राहत तथा क्षतिपूर्तिको लागि निवेदन आएमा अनुगमन तथा विल भरपाई स्टिमेट समेत अधारमानी भुक्तानीको सिफारिस गर्ने ।

च) विपद्का घटना घटेपश्चात तत्काल उद्दार गरी राहत वितरण गर्नुपर्ने भएमा सक्रिय भई कार्य गर्ने ।

मनोहर ढुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत

छ) समितिको वैठक कम्तीमा चौमासिक रुपमा नियमित बस्नेछ भने आवश्यकता अनुसार जुनसुकै वेला वस्न सक्नेछ ।

**११. विपद् व्यवस्थापन कोषबाट भुक्तानी :** १) गाउँ कार्यपालिकाको कार्यालयले गाउँसभा तथा गाउँ कार्यपालिकाले पारित गरेका विपद् व्यवस्थापन सम्वन्धी योजना कार्यान्वयन तथा खरिद कार्यको लागि नियमानुसार विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्न सक्नेछ ।

२) गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा मानवीय कारणले भएका कुनै पनि खाले विपद्का घटना घटेर तत्काल उद्दार र राहत कार्य गर्नुपर्ने भएमा स्थानीय व्यक्ति समूदाय, वडा कार्यालय, स्वास्थ्य संस्था, संघसस्था, सुरक्षा निकाय, सवारी धनी/व्यावसायी आदिलाई लाई तत्काल परिचालन गर्न सकिनेछ । सो क्रममा घटनाहरुलाई नियन्त्रणमा लिनको लागि भौतिक सामाग्रीमा भएको खर्च जस्तै स्थानीय कुनै मूल्यपर्ने साधनहरु खर्च भएमा, डोजर, जीप, ट्याक्टर, ट्रक लगायत सवारी साधनहरु प्रयोग गरे वापत, विपद् नियन्त्रणमा लिन खटिएका व्यक्तिहरु घाइतेमा उपचार वा अन्य भौतिक क्षति भएमा सो वापतको खर्च, सामान्य खाना खाजा खर्च र घटनासँग सम्वन्धित अन्य खर्च विल भरपाई, मुचुल्का बमोजिम भुक्तानी दिन सकिनेछ ।

३) विपद्का घटनाहरु घटेपछि सम्वन्धित वडाका वडाध्यक्ष वा निजले तोकेको समितिका सदस्य वा गाउँपालिका विपद् व्यवस्थापन समितिका सदस्यको उपस्थितिमा सरोकारवाला पक्षहरुलाई राखी घटनाको अनुगमन मूल्यांकन गरी राहत, क्षतिपूर्ति, मर्मत वा निर्माण कार्य के गर्नुपर्ने हो सोको निर्णय गर्नुपर्नेछ । सो भेलाले व्यक्ति वा समूह कसका नाउँमा राहत वा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने हो तोक्नुपर्नेछ भने निर्माण कार्यको लागि सम्वन्धित सरोकारवाला रहने कम्तीमा पाँच जनाको समिति गठन गरी कार्य सुरुवात गराउनुपर्नेछ ।

यसरी तोकिएको आधारमा सो व्यक्ति वा समूह तथा समितिले कार्य सुरु गर्न वा सम्पन्न भएपछि भुक्तानीको लागि निवेदन दिएमा सम्वन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन गाउँपालिका विपद् व्यवस्थापन समितिमा पठाउनुपर्नेछ र सो समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाले निर्णय गरी माथि उल्लेखित प्रक्रियाहरु पुरा गरी रु १(एक) लाख सम्म हुने खर्चमा भेलाले तोकेको व्यक्ति वा समूहको खातामा भुक्तानी गर्न सक्नेछ । रु १(एक) लाख भन्दा वढि भुक्तानी दिदा कार्य सम्पन्न गर्ने समिति वा सो सँग सम्वन्ध राख्ने उपभोक्ता समितिको खातामा भुक्तानी दिन सकिनेछ ।

४) आगोलागी भई घर वा गोठ जलेमा, वर्षात वा हिमपातको कारण घर भत्कीएमा राहत तथा क्षतिपूर्तिको लागि तोकिएको व्यक्ति वा समूहलाई रु २५,०००। सम्म चेक वा नगदै भुक्तानी दिन सकिनेछ । प्राकृतिक वा मानवीय कारणले विपद्का घटना भई मानिसको मृत्यु भएमा गाउँपालिका विपद् व्यवस्थापन समितिको सिफारिस अनुसार प्रति मृतक रु २०,०००। र खाद्यान्न तथा लत्ताकपडा व्यवस्था गर्नुपर्ने भएमा प्रति परिवार रु ५०००। उपलब्ध गराउन सकिनेछ । साथै सो समितिको सिफारिसमा गाउँपालिकाले खरिद गरेका खाद्यान्न, लत्ताकपडा लगायत अन्य भौतिक सामाग्री समेत उपलब्ध गराउन सकिनेछ ।

मनोहर कुँवर
प्रमुख प्रशासकिय अधिकृत

मनोहर कुँवर
प्रमुख प्रशासकिय अधिकृत

५) विपद्का घटना घटेको ३५ दिनभित्र गाउँ कार्यपालिकाको कार्यालयमा राहत तथा क्षतिपूर्ति, निर्माण कार्यको लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको वडा सिफारिस दिनुपर्नेछ ।

१२. **महामारी लगायत संक्रमणको कारण हुने विपद्मा खर्च गर्न सक्ने :** विभिन्न रोगका जीवाणु/विषाणुको संक्रमणको कारण गाउँपालिका क्षेत्रमा महामारी हुन सक्ने देखिएमा वा माहामारी भैसकेमा सो को रोकथाम तथा नियन्त्रण गर्न औषधि उपचार गर्न स्वास्थ्य सँग सम्वन्धित सामाग्रीहरु, औषधिहरु, संक्रमण रोक्न तथा उपचार गर्नको लागि आवश्यक अन्य सवैखाले सामाग्रीहरु खरिद तथा व्यवस्थापन गर्न यस कोषबाट भुक्तानी गर्न सकिनेछ ।

१३. **विपद व्यवस्थापन कोषबाट खर्च गर्न सक्ने क्षेत्र :** सामान्यतः विपद व्यवस्थापन कोषबाट निम्न क्षेत्रमा घट्न सक्ने विपदका घटनाहरुको लागि राहत, उद्धार, क्षतिपूर्ति, निर्माण, मर्मत कार्यको तथा सो सँग सम्वन्धित सामाग्री खरिद तथा भण्डारणका लागि खर्च गर्न सकिनेछ ।

क) आगोलागी

ख) हिमपात, खडेरी, हावाहुरी आदि भौगोलिक विषमताका कारण उत्पन्न हुने समस्या

ग) वन्यजन्तु आक्रमण

घ) हाइ अल्डीच्युडका कारण उत्पन्न समस्या

ङ) संक्रामक रोग वा महामारी

१४. **अन्य गाउँपालिका, संस्था/निकायलाई सहयोग गर्नसक्ने :** विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय, निजी संघसस्था, व्यक्ति, अन्य गाउँपालिकाबाट विपद् व्यवस्थापनमा सहयोगको लागि सहयोगको आग्रह आएमा गाउँ कार्यपालिकाको निर्णयानुसार भौतिक समाग्री, राहत वा अन्य आवश्यक सहयोग गर्न सकिनेछ ।

१५. **सम्पर्क र समन्वय गर्नुपर्ने :** गाउँपालिकाले केन्द्र सरकार, प्रदेश सरकार र जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, अन्य गाउँपालिका तथा सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग सम्पर्क गरी घटनाको जानकारी दिने, सहयोगको माग गर्ने र समन्वय गरी काम गर्नुपर्नेछ ।

१६. **सहयोग माग गर्नुपर्ने :** विपद् व्यवस्थापनको लागि गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, अन्नपूर्ण संरक्षण क्षेत्र, अस्पताल तथा स्वास्थ्य चौकी लगायतका सरकारी निकायहरु, निजी अस्पताल, रेडक्रस, गैरसरकारी संघसस्था लगायत अन्य सम्वन्धित निकायहरुमा आवश्यकता अनुसार सहयोगको आग्रह गरी राहत, क्षतिपूर्तिका लागि आर्थिक तथा भौतिक सहयोग जुटाउने, उपचार तथा खरिद लगायत कार्यमा छुट माग्ने जस्ता कार्यहरु गर्न सक्नेछ ।

५) विपद्का घटना घटेको ३५ दिनभित्र गाउँ कार्यपालिकाको कार्यालयमा राहत तथा क्षतिपूर्ति, निर्माण कार्यको लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन र अनुसूची २ बमोजिमको वडा सिफारिस दिनुपर्नेछ ।

१२. **महामारी लगायत संक्रमणको कारण हुने विपद्मा खर्च गर्न सक्ने :** विभिन्न रोगका जीवाणु/विषाणुको संक्रमणको कारण गाउँपालिका क्षेत्रमा महामारी हुन सक्ने देखिएमा वा माहामारी भैसकेमा सो को रोकथाम तथा नियन्त्रण गर्न औषधि उपचार गर्न स्वास्थ्य सँग सम्वन्धित सामाग्रीहरु, औषधिहरु, संक्रमण रोक्न तथा उपचार गर्नको लागि आवश्यक अन्य सवैखाले सामाग्रीहरु खरिद तथा व्यवस्थापन गर्न यस कोषबाट भुक्तानी गर्न सकिनेछ ।

१३. **विपद व्यवस्थापन कोषबाट खर्च गर्न सक्ने क्षेत्र :** सामान्यतः विपद व्यवस्थापन कोषबाट निम्न क्षेत्रमा घट्न सक्ने विपदका घटनाहरुको लागि राहत, उद्धार, क्षतिपूर्ति, निर्माण, मर्मत कार्यको तथा सो सँग सम्वन्धित सामाग्री खरिद तथा भण्डारणका लागि खर्च गर्न सकिनेछ ।

क) आगोलागी

ख) हिमपात, खडेरी, हावाहुरी आदि भौगोलिक विषमताका कारण उत्पन्न हुने समस्या

ग) वन्यजन्तु आक्रमण

घ) हाइ अल्डीच्युडका कारण उत्पन्न समस्या

ङ) संक्रामक रोग वा महामारी

१४. **अन्य गाउँपालिका, संस्था/निकायलाई सहयोग गर्नसक्ने :** विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय, निजी संघसस्था, व्यक्ति, अन्य गाउँपालिकाबाट विपद् व्यवस्थापनमा सहयोगको लागि सहयोगको आग्रह आएमा गाउँ कार्यपालिकाको निर्णयानुसार भौतिक समाग्री, राहत वा अन्य आवश्यक सहयोग गर्न सकिनेछ ।

१५. **सम्पर्क र समन्वय गर्नुपर्ने :** गाउँपालिकाले केन्द्र सरकार, प्रदेश सरकार र जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, अन्य गाउँपालिका तथा सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग सम्पर्क गरी घटनाको जानकारी दिने, सहयोगको माग गर्ने र समन्वय गरी काम गर्नुपर्नेछ ।

१६. **सहयोग माग गर्नुपर्ने :** विपद् व्यवस्थापनको लागि गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, अन्नपूर्ण संरक्षण क्षेत्र, अस्पताल तथा स्वास्थ्य चौकी लगायतका सरकारी निकायहरु, निजी अस्पताल, रेडक्रस, गैरसरकारी संघसस्था लगायत अन्य सम्वन्धित निकायहरुमा आवश्यकता अनुसार सहयोगको आग्रह गरी राहत, क्षतिपूर्तिका लागि आर्थिक तथा भौतिक सहयोग जुटाउने, उपचार तथा खरिद्र लगायत कार्यमा छुट माग्ने जस्ता कार्यहरु गर्न सक्नेछ ।

मनोहर ढुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत

**१७.विपद् व्यवस्थापन कोषमा रकम जम्मा :** गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा केन्द्र सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदान, गाउँपालिकाको आन्तरिक स्रोत, अन्य गाउँपालिकाबाट प्राप्त अनुदान, विभिन्न व्यक्ति, संघसंस्थाबाट प्राप्त सहयोग, गाउँपालिकाले नियमानुसार लिन सक्ने ऋणबाट बाट प्राप्त रकम छुट्याई जम्मा गर्नुपर्नेछ । यो कोषमा न्युनतम ५ लाख रकम मौज्दात भइरहने व्यवस्था प्रमुख प्रशासकीय अधिकृतले मिलाउनु पर्नेछ ।

**१६.संशोधन तथा खारेजी :** संघीय सरकार तथा प्रदेश सरकारले विपद् व्यवस्थापन सम्वन्धमा वनाएको नीति, कानुन, निर्देशन भित्र रही यस गाउँपालिकाको आवश्यकता समेतको आधारमा यस कार्यविधिमा संशोधन, परिमार्जन तथा खारेजी हुनेछ ।

मनोहर ढुङ्गाना
प्रमुख प्रशासकिय अधिकृत

अनुसूची १

(कार्यविधिको खण्ड ११(५) बमोजिमको गाउँ कार्यपालिकामा दिने निवेदन ढाँचा)

मिति :

श्रीमान् गाउँपालिका अध्यक्षज्यू/प्रमुख प्रशासकीय अधिकृतज्यू,

लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय,

चराङ, मुस्ताङ ।

विषय : राहत/क्षतिपूर्ति पाउँ ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा नं. ..........., .................. मा मिति ..................... मा भएको ........................................................................... कारणले ....................................................... भत्किएको /क्षति भएको /मृत्यु भएको हुदाँ साको अनुगमन तथा मूल्यांकन गरी/सो वापत प्राप्त हुने सहयोग रकम उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

संलग्न कागजातहरु :

१) वडा कार्यालयको सिफारिस

२)

३)

निवेदक :

अनुसूची २

(कार्यविधिको खण्ड ११(५) बमोजिमको वडा कार्यालयबाट दिइने सिफारिस ढाँचा)

............ नं. वडा कार्यालय

.........,........

मिति :

श्री लो-घेकर दामोदरकुण्ड गाउँ कार्यपालिकाको कार्यालय,

चराङ, मुस्ताङ ।

विषय : राहत/क्षतिपूर्तिको लागि सिफारिस गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा नं. .........., .................. मा मिति ..................... मा भएको ........................................................................ कारणले ...................................................... भत्किएको /क्षति भएको /मृत्यु भएको हुदाँ साको अनुगमन तथा मूल्यांकन गरी/सो वापत प्राप्त हुने सहयोग रकम उपलब्ध गराइदिनुहुन सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

...............

वडा अध्यक्ष

मनोहर ढकाल
प्रमुख प्रशासकिय अधिकृत